म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक ३११ | शनिबार ९ असार २०८० | ने. सं. ११४३ दिल्लाथ्व | 24 June 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

### रमनटारमा ४ सय ७५ पशुचौपायको उपचार

हेटौंडा, ८ असार/हेटौंडा उपमहानगरपालिका-१२ रमनटारमा नि:शुल्क पशु स्वास्थ्य शिविर आयोजना गरिएको छ । हेटौंडा उपमहानगरपालिकाअन्तरगत पशु सेवाकेन्द्र बस्तीपुरको आयोजनामा रमनटारको परिवर्तन टोल विकास संस्थाको भवनमा भएको शिविरमा ४ सय भन्दा बढी पशुचौपायको उपचार गरिएको छ । शिविरमा २ सय ५० वटा गाईभैंसीलाई नाम्ले, जुका, भिटामिन र मिनरल मिक्स्चर खुवाइएको छ । त्यस्तै, २ सय वटा खसी, बोका र बाख्रालाई नाम्ले, जुका र किर्नाको औषधि खुवाइएको थियो भने २५ वटा बोकाको बन्ध्याकरण गरिएको छ । लम्पी स्किन प्रभावित गाईलाई मल्हम र भिटामिन दिइएको पशु सेवाकेन्द्र बस्तीपुरका प्रमुख डा. कमल अधिकारीले जानकारी दिए । कार्यक्रम हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा, वडाका कार्यवाहक अध्यक्ष ज्ञानबहादुर श्रेष्ठ, वडा सदस्य महेश भट्टराई, नगरपालिकाकी कृषि तथा पशुपन्छी विकास शाखाकी प्रमुख गंगा चौलागाईंलगायतको उपस्थिति रहेको थियो । शिविरबाट स्थानीय पशुपालक कृषकलाई सहज भएको कृषक कुमार पोखरेलले बताए ।

# विपद्जन्यको जोखिममा बागमती सरकारले कसरी गर्दैछ पूर्वतयारी ?

निशा गुरुङ

हेटौंडा, ८ असार/ बर्खायाम सुरु भएसँगै विपद्जन्य घटनाको जोखिम सुरु भएको छ । हरेक वर्ष बागमती प्रदेशका विभिन्न स्थानमा आएको पहिरो, डुबान तथा चट्याङले धनजनको क्षति हुने गरेको छ । यो वर्ष पनि वर्षा सुरु भएसँगै विपपद्का घटनाको जोखिम पनि बढेको छ । बागमती प्रदेशको प्राकृतिक हिसाबले देशकै उच्चजोखिममा रहेको सिन्धुपाल्चोक, केन्द्रीय राजधानी काठमाडौं, प्रदेश राजधानी मकवानपुर, काभ्रे, चितवन र धादिङलगतायतको जिल्लाको विभिन्न स्थानमा डुवान तथा पहिरोको समेत जोखिम छ ।

बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले दिएको जानकारीअनुसार गतवर्ष २०७८/७९ मा उपत्यकाको तीन जिल्लाबाहेक प्रदेशको १० जिल्लामा विभिन्न प्रकारको विपद्मा परी एकसय २३ जनाको मृत्यु भएको थियो । तीमध्ये सबैभन्दा धेरै पहिरोमा परेर मृत्यु भएको छ । मन्त्रालयका प्रवक्ता अनुशील सापकोटाले ७१ जनाको डुबेर, बगाएर तथा बाढीमा परेर मृत्यु भएको जानकारी दिए । उनले एकसय ८३ जना घाइते र १४ जना बेपत्ता भएको बताए ।

त्यस्तैगरी, ९० वटा पक्की, ४ सय ६७ वटा कच्ची घर तथा ९९ गोठमा पनि विपद्ले क्षति पुऱ्याएको थियो । सापकोटाले विपद्का विभिन्न घटनामा परेर प्रदेशभरिमा २८ सय २७ पन्छी तथा चौपायाको मृत्यु भएको तथा ७८ चौपाया घाइते भएको जानकारी दिए । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बागमती प्रदेश सरकारले ६२ अर्व ७० करोड ९० लाख रुपैयाँको बजेट ल्याइसकेको छ । जल तथा मौसम विज्ञान विभागको बाढी सूचना केन्द्रले बागमती प्रदेशको विभिन्न जिल्लासहित देशैभरि मेघ गर्जनसहित भारी वर्षा हुने भन्दै सतर्कता अपनाउन आग्रह गरिसकेको छ ।

**के के छन् पूर्वतयारी ?**

मन्त्रालयको प्रवक्ता सापकोटाका अनुसार सरकारले विपद्का घटना हुन नदिन मनशुनको पूर्वतयारी प्रतिकार्य योजना २०८० निर्माणको मस्यौदा अन्तिम चरणमा पुगेको बताए । उनले विपिआरपी बनाउन लागेको साथै तीन जिल्लाको उपत्यकाबाहेक जोखिमयुक्त १० वटा जिल्लालाई विपद्को घटना भइसकेपछि उद्दार गर्न र विपद्बाट पीडित बनेकालाई राहत वितरण गर्न प्रदेश सरकारले १ करोड बराबरको १०/१० लाख रकम पठाईसकेको जानकारी दिए । विपद् न्युनीकरणको लागि भन्दै प्रदेश सरकारले जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई उक्त रकम पठाएको हो । सुरक्षा निकायलाई पनि तयारी अवस्थामा रहन जानकारी गराईसकेको प्रवक्ता सापकोटाको भनाई छ ।

उनले जोखिममा रहेकालाई स्थानान्तरण गर्न र उनीहरुको विपद् आउनुअघि नै उद्दार गर्न प्रदेश सरकारको एकल प्रयासले केही नहुने बताए । प्रदेशको केही स्थानमा विपद्को जोखिम भए पनि त्यहाँका बासिन्दालाई अन्यत्र स्थानान्तरण गर्न जग्गा अभाव भएको उनको भनाइ छ । केन्द्र सरकारले बागमती प्रदेशको सिन्धुपाल्चोक, दोलखा, मकवानपुर र नुवाकोट सबैभन्दा धेरै जोखिमको सम्भावना भएको क्षेत्र भएको उल्लेख गरेको छ ।

आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गरेको प्रदेश सरकारले विपद् व्यवस्थापनतर्फ भने बजेट उल्लेख गरेको छैन । प्रदेश सरकारले विपद् व्यवस्थापनलाई प्रदेशको शासन व्यवस्थामा आन्तरिकीकरण गर्दै लागिने छ भनेर उल्लेख गरिएको छ । विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न विषयगत मन्त्रालयको संरचना सुधार गर्ने र विपद् जोखिम न्युनीकरणलाई जीवन पद्धतिको अभिन्न अंगको रुपमा स्थापित गर्न आवश्यक सञ्चालन गर्ने जनाएको छ ।

**मकवानपुर जिल्लामा छैन पूर्वतयारी**

मकवानपुरको १० वटा स्थानीय तहमध्ये राक्सिराङ, कैलाश, बकैया र इन्द्रसरोबर गाउँपालिका विपद्को जोखिम क्षेत्र हो । गत वर्ष २०७८/७९ मा मात्रै मकवानपुरमा बाढीपहिरोका कारण २८ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । चालु आर्थिक वर्ष चैत मसान्तसम्म २१ जनाको बाढीपहिरोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयको तथ्यांकले देखाएको छ । अविरल वर्षाका कारण मकवानपुरका जोखिमयुक्त गाउँपालिकाका स्थानीय तहले भने पूर्वतयारी नगरेको पाइएको छ ।

मकवानपुर जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले मात्रै पूर्वतयारी गरेको पाइयो । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुरमार मल्लका अनुसार विपद्को पूर्वतयारीका लागि स्वंयमसेवकहरु तयारी अवस्थामा बसिसकेको बताए । उनले गाउँपालिकाको प्रत्येक वडामा १०/१० जना स्वयंमसेवकलाई तालिम दिएर विपद्को सामग्रीसहित पठाएको जानकारी दिए । उनका अनुसार गाउँपालिकाले विपद्मा राहत वितरण गर्नुका साथै आवश्यक सामग्रीहरु खरिद गरिसको जानकारी दिए ।

बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले भने विपद्को पूर्वतयारीका लागि छलफलमै रहेको जानकारी दिए । त्यसैगरी कैलाश गाउँपालिकाका अध्यक्ष लोक मोक्तानले पनि छलफलमै रहेको र अहिले बजेटको तयारीमा रहेको हुँदा बजेटको कार्यक्रम सकिने बित्तिकै तयारी गर्ने बताए । इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले पनि छलफलमै रहेको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले विपद् हुन नदिन १० वटै स्थानीय तहलाई जानकारी गराइसकेको बताए । उनले बर्खायाममा विपद्को जोखिम बढ्ने सम्भावनालाई मध्यनजर गर्दै स्थानीय तह र सरोकारवालासँग समन्वय भइरहेको जानकारी दिए । सहायक सिडियो शर्माका अनुसार नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनालाई पनि तयारी अवस्थामा रहन जानकारी गराएको बताए ।

# देशको कानून जनमुखी भएन : कानूनमन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता




हेटौंडा, ८ असार/ बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले देशको कानून जनमुखी नभएको बताएका छन् ।

शुक्रबार गृहजिल्ला सिन्धुलीमा बागमती प्रदेशसभा सचिवालय हेटौंडाले आयोजना गरेको 'प्रदेश कानून कार्यान्वयनको अवस्था बारे स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम' मा बोल्दै प्रमुख अतिथि मन्त्री श्रेष्ठले जनमुखी कानूनले मात्रै परिणाममूखी काम गर्न सक्ने भन्दै हालको कानून जनमुखी नभएकोमा असन्तुष्टी समेत व्यक्त गरे ।

'देश, प्रदेश र स्थानीय सरकारले निर्माण गरेका कानून जनमुखी कम, परिणाममुखी कम र बढी प्रक्रियामुखी छ,' मन्त्री श्रेष्ठले भने । पञ्चायतअघि वा पञ्चायतले बनाएका कतिपय कानूनहरु समयानुकूल परिमार्जन हुन नसकेको स्पष्ट पार्दै संघीय लोकतान्त्रिक, गणतन्त्रको पद्धतीअनुसार कानून बनाउन पर्नेमा मन्त्री श्रेष्ठको जोड थियो ।

संविधानप्रदत्त अधिकार प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने कुरामा संघीय सरकार पन्छिन खोजेको उनको आरोप छ । 'तीनै तह (संघ, प्रदेश र स्थानीय सरकार) को बारेमा संविधानको अनुसूचि ५ देखि ९ सम्म एकल अधिकार र साझा अधिकार उल्लेख छ, एकल अधिकारको सूचीमा थुप्रै काम भएका तर, साझा सूचिमा अलमल्लको अवस्था रहेको बारे स्पष्ट हुन जरुरी छ र साझा अधिकारको सूचिमा कानून बनाउने र कार्यान्वयन गर्ने कुरामा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्यको जरुरी रहेको छ' उनले भने ।

त्यस्तै, समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित संघीयता भनिएपनि राजनीतिक सोच तथा एकात्मक र केन्द्रिकृत खालको चिन्तनलाई बदलेर संघीयताको उद्देश्यअनुसार सोच र चिन्तन बनाउन नसके संघीता र प्रदेश असफल हुने उनले आशंका व्यक्त गरे । राजनीतिक सोच, राजनीतिक चिन्तनमा मुख्य नेतृत्वहरु, सरकारमा बसेका या ठूला दलका सबैले मनन गर्नुपर्ने उनको बुझाई छ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको उद्देश्यअनुसार तीनै तहका सरकारले कानून बनाउन नसकेको उल्लेख गर्दै 'बनाएका कानूनहरु पनि प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्था छैन, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको उद्देश्यअनुसार समयानुकूल ऐन, नियम र कानून निर्माण गरेर कार्यान्वय गर्न जरुरी छ ।' उनको स्पष्टता थियो ।

मन्त्री श्रेष्ठले भने- 'संघीय सरकारले संसदबाट पारित गरिसकेको ऐन पनि आजको दिनसम्म कतिपय लागू गर्न नसकेकोमा उनको आपत्ति छ । प्रदेश प्रहरी ऐन प्रदेशले बनाएको छ । प्रहरी समायोजन ऐन संघीय संसदले पारित गरिसकेको छ । तर, आजको मितिसम्म प्रहरी समायोजन ऐन लागु भएको छैन, जसले सातै प्रदेशमा गृहमन्त्रालय बनेको छ, तर गृहमन्त्री, गृह सचिव बेरोजगार भएर बस्नु परेको अवस्था छ ।'

शान्ति सुरक्षा सम्बन्धी धेरै मुद्दाहरु प्रदेशमा आइरहँदा निरिह भएर बस्नु परिरहेको बताउँदै उनले संघीय सरकारले संघीयताको मर्मअनुसार प्रदेशको आवश्यकता र औचित्यलाई प्रमाणीत गर्न नसघाएको आसय व्यक्त गरे । त्यस्तै कार्यक्रममा बागमती प्रदेशसभा सदस्य मातृका भट्टराई र रामकुमार पहाडीले जनतामा बढेको वितृष्णा मेटाउन तीनै तहको सरकार जनताप्रति उत्तरदायी भएर नबाझिने गरी कानून बनाई कार्यान्वयनमा लैजान पर्ने धारणा राखेका थिए ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख कारसाङ लामा, उपप्रमुख शान्ता कार्कीलगायत स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुले आ-आफ्ना तह तथा कार्यक्षेत्रमा आएका कानूनी झन्झट, समस्या र अल्झनका बारेका बताएका थिए ।

# ५० जना किसानलाई बाख्रा वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर ४ लाई बाख्रा पकेट क्षेत्र बनाएसँगै अनुदानमा आधारित ५० जना किसानलाई बाख्रा वितरण गरेको छ ।

शुक्रबार एक कार्यक्रमको आयोजना गर्दै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले वडा नम्बर ४ को सामरीपुल क्षेत्रमा प्रति किसानलाई पाँच वटाका दरले बाख्रा वितरण गरेका हुन् । गाउँपालिकाको व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट बाखा कार्यक्रमअन्तर्गत बाखा हस्तान्तरण गरिएको अध्यक्ष स्याङ्तानले बताए । उनले पालिकाको ध्येय नै कृषि, पशुपालन, पर्यटन रहेको भन्दै वडा नम्बर ४ लाई बाख्रा पकेट क्षेत्र बनाउन लागिएकोले सोही अनुरुप सहकारीको व्यवस्थापनमा किसानलाई बाखा हस्तान्तरण गरिएको बताए ।

विपन्न वर्गहरुको उत्थान गर्न यस्ता कार्यक्रमले थप टेवा पुग्ने भएकाले आर्थिकउपार्जनका लागि बाख्रा तथा पाठीहरु वितरण गरिएको उनले बताए । गाउँपालिकाले वडा एकमा तामाङ कपडा बनाउने सीप सिकाएको, वडा २ मा बाँस र नियालोबाट ह्याण्डीक्राफ्टका सामग्री बनाउने सीपमूलक तालिम दिएको बताउँदै वडा नम्बर ४ लाई भने बाख्रा पालनलाई प्राथमिकतामा राखेर साना किसान सहकारी मार्फत् यस कार्यक्रम गरिएको बताए । यसले आगामी वर्ष पनि निरन्तरता पाउने बताउँदै अनुदानमा आएको भन्दै उत्पादन नै नभई छिट्टै बिक्री गरिएको पाईएमा कारबाहीको दायरामा ल्याउने समेत बताएका छन् ।

श्रमिक साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्सालले किसानलाई आर्थिक पाटो बलियो बनाउन र जीविकोपार्जनमा थप टेवा पुग्ने हिसाबले बाख्रा हस्तान्तरण गरिएको बताइन् । उनले पाँचवटाबाट उत्पादन वृद्धि गर्दै लैजान किसानलाई आग्रह गरेकी छिन् । प्रतिबाखाको १० हजार बराबरको बीमा समेत गरिएको बताउँदै अध्यक्ष लम्सालले प्रतिकिसानलाई दुई हजार दुई सय बराबरको औषधि समेत प्रदान गरिसकेको बताइन् ।

'हामीले सामरी पुल क्षेत्र, मनकामना चोक, बन्दाडाँडा र भित्रि कालीखोला क्षेत्र गरी पाँच ठाउँका ५० किसानलाई २ सय ५० वटा बाख्रा पाठी हस्तान्तरण गरेका हौं,' अध्यक्ष लम्सालले भनिन् ।

गाउँपालिकाबाट प्राप्त बजेटमा ४० हजारको बाख्रापालन सम्बन्धी तालिम प्रदान गरिएको थियो । एक लाख १० हजारको औषधि खरिद गरी वितरण गरिएको संस्थाका प्रबन्धक गीता लम्सालले बताइन् । उनले एक लाखमा पाँच वटा बोका खरिद गरी पाँच स्थानमा पठाएको समेत जानकारी दिइन् । संस्थाकी अध्यक्ष लम्सालको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा गाउँपालिका अध्यक्ष स्याङ्तानको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा वडा नम्बर ४ का अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, वडा नम्बर ६ का वडाअध्यक्ष कृष्णप्रसाद बजगाई, वडा नम्बर ४ का वडासदस्य धनबहादुर लामा, पशु प्राविधिक कर्णबहादुर विश्वकर्मा, मनकामना दुग्ध उत्पादक सहकारीका पशु प्राविधिक राजु रेग्मी लगायतको आतिथ्यता थियो ।

# वर्तमान सरकारको विकल्प आवश्यकः सचेतक बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरका सांसद तथा नेकपा एमालेका सचेतक महेशकुमार बर्तौलाले वर्तमान सरकारको विकल्प आवश्यक रहेको बताएका छन् ।

उनले सरकारको आयु लामो नरहेको पनि दाबी गरे । अब सरकारको विकल्प खोज्ने बेला आएको उनको भनाइ छ । शुक्रवार प्रतिनिधिसभा भवनमा सञ्चारकर्मी सँगको कुराकानीमा सचेतक बर्तौलाले वर्तमान सरकारको आयु वर्ष नभएर केही दिनसम्म मात्रै रहेको दाबी गरे । उनले वर्तमान सरकार जनादेश अनुसार नबनेको आरोप लगाए । बर्तौलाले सरकारले जनतालाई डेलिभरी दिन नसकेको मात्रै नभएर राष्ट्रहितको प्रवर्द्धन गर्न समेत नसकेको बताए । उनले मुलुकलाई विकास, सुशासन र समृद्धिको पथमा हिँडाउन सामर्थ्य र योग्यता प्रदर्शन गर्न सरकारले नसकेको बताए ।

बजेटमार्फत देशलाई आर्थिक समस्या समाधान गर्छ भन्ने सन्देश दिन समेत नसकेको भन्दै उनले सरकार अस्थिर, कमजोर बनेको आरोप लगाए । उनले अब वर्तमान सरकारको विकल्प आवश्यक देखिएको दोहोऱ्याए । बर्तौलाले वर्तमान सरकार पाँच वर्ष टिकोस् भन्ने भएपनि परिस्थितिले आयु लामो नदेखिएको टिप्पणी गरे । जनादेश अनुसार सरकार बनाउँदा स्थिर सरकार बन्न सक्छ भन्ने एमालेको धारणा रहेको उनको भनाइ छ । वर्तमान सरकार अन्तर्विरोध, असमझदारी र सत्ता गठबन्धन दलका बीचमा अविश्वासले आक्रान्त भएको उनले बताए ।

'वर्तमान सरकार भित्रभित्र थिलथिलो भएको छ । अन्तरविरोध, असमझदारी र सत्ता गठबन्धन दलका बीचमा अविश्वासले आक्रान्त भएर पूरै मक्किएको अवस्था छ । मक्किएको सरकारलाई एमालेले सामान्य रुपमा छुँदा पनि ढल्ने अवस्था छ', उनले भने । 'यो अस्थिर, कमजोर सरकार र जनादेश विपरीतको अप्राकृतिक सरकार हो । त्यसकारणले गर्दा सरकारको विकल्प आवश्यक देखिएको छ । एमालेलाई पाँच वर्ष यही गठबन्धनको सरकार बनोस् भन्ने थियो । जनताको जनादेश अनुसार सरकार बनाउँदा स्थिर सरकार बनाउन सकिन्छ ।,' उनले थपे ।

**गोदमघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सहारा मरुभूमिमा बन्यो संसारकै ठूलो सोलार प्लान्ट



मोरक्कोले संसारकै सबैभन्दा ठूलो सोलार प्लान्ट निर्माण गरेको छ । यो प्लान्टले ठूलो मात्रामा सौर्यउर्जाको बिजुली उत्पादन गर्नेछ जसले जिवाश्म इन्धन तथा कोइलामाथिको मोरक्कोको निर्भरता हटाउने बताइएको छ । साथै यो प्लान्टले सूर्यको प्रकाश नपरेको बेलामा पनि बिजुली उत्पादन गर्ने बताइएको छ ।

उर्जा उत्पादनको मामिलामा मोरक्को संसारको शक्ति राष्ट्र बन्न चाहन्छ । नविकरणीय उर्जा उत्पादनमा विश्वमै अग्रणी बन्ने उसको चाहना छ । हाल पूर्णरुपमा निर्माण भैसकेको यो सोलार प्लान्टले मोरक्कोमा खपत हुने ३५ प्रतिशत नविकरणीय उर्जा उत्पादन गर्नेछ ।

यो सोलार फार्म सहारा मरुभूमिमा छ जुन ३ हजार एक्कड क्षेत्रफलमा फैलिएको छ । यो प्लान्ट ३५ सय वटा फुटबल मैदान जत्तिकै ठूलो छ ।

यसबाट ५ सय ८० मेगावाट बिजुली उत्पादन हुनेछ, यो सँगै उक्त प्लान्ट विश्वमै सर्वाधिक बिजुली उत्पादन गर्ने सोलार प्लान्ट बन्नेछ । सो सोलार प्लान्टको नाम The Noor–Ouarzazate complex हो।

विश्व बैंकका अनुसार मोरक्कोले आनो देशमा खपत हुने उर्जाको ९७ प्रतिशत आयातित काइला, पेट्रोल तथा डिजेलबाट पूर्ति गर्दै आएको छ । यो परियोजनाले भविष्यमा कोइला, पेट्रोल तथा डिजेलको प्रयोगलाई घटनाउने छ ।

५ सय ८० मेगावाट बिजुली सौर्यउर्जाबाट उत्पादन भएसँगै ७ लाख ६० हजार टन कार्बन उत्सर्जन पनि कम हुनेछ ।

अर्थात् जिवाश्म इन्धनको प्रयोगबाट हुने लाखौं टन कार्बन उत्सर्जन कटौती हुँदा त्यसले प्रदुषण कम गर्न सहयोग पुग्नेछ । जुन जलवायु परिवर्तन विरुद्धको लडाइँमा पनि महत्वपूर्ण हुने बताइएको छ ।

सहारा मरुभूमिमा मोरक्कोले तयार गरेको यो सोलार प्लान्ट अन्य परम्परागत सोलार प्लान्टभन्दा निकै फरक छ। यसले उत्पादित बिजुलीलाई सिधै विद्युत ग्रीडमा पठाउनेछ ।

यो सोलार प्लान्टमा रहेका सोलार प्यानलले सूर्यको प्रकाशलाई एक ठाउँमा जम्मा गर्दछन् जसले उच्च तापक्रम पैदा हुन्छ । सो तापले प्यानलको तलपट्टि राखिएका पाइपमा भरिएको तलर नुनलाई तातो बनाउँछ ।

उक्त नुनिलो तरल पदार्थ वाफ बनेर टबाइनतिर जान्छ। बाफको दबाबले टर्बाइन तिव्र गतिमा घुम्दछ, जसबाट बिजुली पैदा हुन्छ। सूर्य अस्ताएपछि पनि तातो भैरहेको सोही नुनिलो तरलका कारण बिजुली उत्पादन भैरहेको हुनेछ ।

**यौन/जीवनशैली**

# हरेक दम्पतीले यौन सम्पर्कका बारे जान्नैपर्ने कुरा



चरमानन्दको अनुभूत गर्ने माध्याम हो, यौन । अर्थात आनन्दको पनि उत्कर्षमा पुग्ने बाटो हो, यौन । यो आफैमा सुखद अनुभव हो ।

यौनको प्रसंगमा हामी लजाउने गर्छौं । यौनलाई छाडा भन्छौं । जबकी यो प्राकृतिक कुरा हो । र, सृष्टिलाई चलायमान राख्नका लागि यौनको भूमिका अपरिहार्य छ ।

यौनमा चरम सन्तुष्ट छ । यो दाम्पत्य सुखको एक तत्व हो । दम्पतीबीचको सम्बन्ध सुमधुर राख्नका लागि यौनले भूमिका खेल्छ । के पनि भनिन्छ भने, सक्रिय यौन जीवनले दम्पतीको सम्बन्धमा मात्र निकटता ल्याउने होइन, स्वास्थ्य लाभ पनि मिल्छ ।

तर, यौनको पनि आनै मान्यता छ । परिधि छ । नियम छ । यौन सम्पर्क कहिले गर्ने, कुन समयमा गर्ने, कहाँ गर्ने, कुन स्थितीमा गर्ने भन्ने कुरा तय गरिएको छ । यस्ता कुरालाई ध्यानमा राखेर यौन क्रिया गर्दा चरम आनन्द प्राप्त हुन्छ भनिन्छ । साथै स्वास्थ्यलाई पनि लाभ मिल्छ ।

यौन हरेक व्यक्तिको आवश्यक्ता हो र सुखद अनुभूति पनि । त्यसैले यौन सम्पर्क र म्रो भावनाले गर्नु जरुरी छ । आनन्ददायक यौन सम्पर्कका लागि पार्टनरसँग समर्पणका साथसाथै सहयोग र सहमति पनि जरुरी छ । यदि पार्टनरलाई यौनमा रुची छैन भने जबर जस्ती गर्नु गलत हो ।

अत: यहाँ यौन सम्पर्कलाई लिएर दम्पतीबीच उठ्ने प्रश्नको उत्तर खोजिएको छ ।

**कुन परिस्थितीमा यौन सम्पर्क गर्नबाट बच्नुपर्छ, किन ?**

धेरैजसो दम्पती यस सम्बन्धमा त्यती जानकार हुँदैनन् । कहिले यौन सम्पर्क राख्ने र कहिले नराख्ने ? यस्ता कुरामा बेखबर रहेर यौन सम्पर्क गर्दा त्यसबाट जुन आनन्द पाउनुपर्ने हो, त्यो पाइदैन । साथै त्यसको असर स्वास्थ्यमा पनि पर्छ । त्यसैले संभव भएसम्म शारीरिक वा मानसिक अस्वस्थ्य भएको बेला यौन सम्पर्क र ाख्नु उचित मानिदैन ।

**शारीरिक समस्या, खासगरी मुटुको समस्यामा यौन सम्पर्क गर्नु हुँदैन ?**

शारीरिक तथा मानसिक अवस्था राम्रो नभएको बेला यौन सम्पर्क गर्नु बेकार हुन्छ । मुटुको समस्या झेलिरहेको अवस्थामा आरमको जरुरी हुन्छ । यस्तो अवस्थामा यौन क्रियाले मुटुमा समस्या ल्याउन सक्छ ।

**मानसिक अस्वस्थ्यताको बेला किन यौन सम्पर्क गर्नु हुँदैन ?**

यौन सम्पर्क शारीरिक क्रिया हो । तर, यसमा मानसिक उपस्थिती पनि उत्तिकै जरुरी हुन्छ । मानसिक तनावको अवस्थामा वा कुनै मानसिक समस्या छ भने त्यस्तो बेला यौन सम्पर्कबाट आनन्द लिन सकिदैन । डिप्रेसन, तनाव जस्ता कुनैपनि समस्यामा यौनको रुची नै जाग्दैन । जब यौनमा रुची छैन भने जबरजस्ती यौन क्रिया गर्नुको अर्थ हुँदैन ।

**शल्यक्रियाको कति दिनपछि यौन सम्पर्क गर्नु हुन्छ ?**

कुनैपनि शल्यक्रियापछि निश्चित अवधीसम्म यौन सम्पर्क नगर्नु नै उत्तम हुन्छ । शल्यक्रिया गर्नसाथ यौन क्रिया गर्दा घाउ भएको ठाउँमा बल पर्छ । त्यसले टाँका लगाएको धागो छिनाल्न सक्छ । साथै रगत बग्न सक्छ । त्यसैले चिकित्सकको परामर्श लिएर मात्र यौन सम्पर्क गर्नुपर्छ ।

**कहिले काहि इन्टरकोर्सको समयमा पार्टनरलाई दुख अनुभव भएमा सेक्स गर्नुहुन्छ ?**

जब इन्टरकोर्सको समय पार्टनरलाई दुखाई अनुभव हुन्छ भने, सम्झनुहोस् त्यो खतराको घण्टी हो । यस्तोमा यौन सम्पर्क गर्नु खतरालाई निम्त्याउनु हो । त्यसैले इन्टरकोर्सको समयमा पार्टनरलाई खासगरी पत्नीलाई कुनै दुख, पीडा भयो भने त्यस्तो अवस्थामा चिकित्सककहाँ जानुपर्छ ।

**गर्भावस्थामा यौन सम्पर्क गर्नु हुन्छ ?**

गर्भावस्थामा यौन सम्पर्क राख्नु हुन्छ कि हुँदैन भनेर धेरैजसो दम्पती अलमलमा हुन्छन् । विशेषज्ञका अनुसार गर्भावस्थाको छैठौं हप्तादेखि १२ औं हप्तासम्म यौन सम्पर्क गर्न हुँदैन । किनभने यस क्रममा गर्भपातको समस्या हुन्छ । साथै गर्भधारणको अन्तिम दुई महिनामा पनि यौन सम्पर्क गर्नु खतरनाक हुन्छ । गर्भधारणको चौथो र सातौ महिनामा यौन सम्पर्क गर्न सकिन्छ ।

# साहित्य

## किसान



**ईप्सा लामिछाने**

*कक्षा : ९,*
*नवोदय शिशु सदन*

नयन अघि पलहरु हाम्रो दुखेकै भएनी
खेती र हलो गरेर जीवन जसरी गएनी
भरेको मन हेर्न साथी अन्न न रहेनी
कोदाली बोकी समय सबै खेतमै गएनी

चौतारी मुनी सितल हावा थकाइ मेटाउन
साथी र भाइ मिली हामी दु:ख त्यो हटाउन
ती साथीसँग मिलेर सधैं त्यै डाँडा हिँडेको
हाँसी र खेली रमाइलो गरी बाल्यकाल बितेको

बैशाख, जेठ मकैको बेला पर्म त्यो साटौंला
असारमा धान रोपेर साथी मंसिरमा काटौंला
असारे भाका खेतमा गई किसान गाउँदछन्
किसान भए अन्न आउँछ खानलाई पाउँछन्

## जीवन नै तलतल



**संस्कार सुवेदी**

*कक्षा : १०,*
*नवोदय शिशु सदन*

मलाई हुन्थ्यो रमाइलो हरेक पल
विद्यार्थीको जीवन हो पढ्ने तल
विद्यार्थीको जीवन नै रमाउने
गुरुले दिएका ज्ञान बटुल्ने

विद्यार्थी जीवन नै हो सबथोक सिक्ने
कथा, कविता, जीवनका गाथाहरु कोर्ने
विद्यार्थी हुनुमा नै खुसी लिनु हो
विद्यार्थी भई पढ्न आउँनु नै खुसी हो

गृहकार्य गरेनौं भने हुन्छ घाटा
गृहकार्य गरेर पाउँछौं शिक्षा
शिक्षकले गर्नुहुन्छ धेरै माया
जीवन नै हो घाम र छायाँ

## खेतीपाती



**इलिना सापकोटा**

*कक्षा-४, बालजागृति सेकेण्डरी ईङ्गलिस*
*बोर्डिङ स्कूल, हेटौंडा-२*

किसानले मरिमरि गर्छन् खेतीपाती ।
कुटो, कोदालो, हँसिया, नाम्लो हुन्छन् उनका साथी ।।

किसानले धेरै दु:ख गरी लगाउँछन बाली ।
बाली पाकी बेच्ने बेला सस्तो हुन्छ खाली ।।

बाली राम्रो बनाउन हाल्नुपर्छ मल ।
मलले मात्र हुँदैन है चाहिन्छ नि जल ।।

उत्पादन गरी बजार ल्यायो बिक्री भएन ।
किसानको पसिनाको मूल्य आएन ।।

किसान नै हो सबैको पेट भर्ने भगवान ।
अन्न फलफूल तरकारी हो सबैभन्दा महान ।।

कथा

# अहमताको पराकाष्ठा

**सदानन्द अभागी**

आज अध्ययन गर्दै जाँदा मेरो अघिल्तिर श्रीमद्भागवत र शिव पूराणका दुई पूराणहरू नजरमा परे । हुन त यी पहिलो पटक मेरो नजरमा परेका होइनन् । मैले कहिलेकाहीं अध्ययन गरेर त्यहाँबाट केही कथाहरू पनि पस्किसकेको छु । श्रीमद्भागवत रामप्रसाद जोशीबाट नेपाली भाषामा अनुवाद गरिएकोलाई पल्टाउन मन लाग्यो र पल्टाएँ । मेरा नजर सिधै उषा र अनिरुद्धको कथामा पर्यो ।

श्रीमद्भागवत पूराणमा मलाई यो कथा पढ्ने मन भित्रैबाट पलाएर आयो । शिव पूराण पनि पल्टाउन मन लाग्यो । शिव पूराण पल्टाउनको उद्देश्य भने उषा र अनिरुद्ध सम्बन्धमा केही लेखिएको छ कि भनेर जानकारी लिनु थियो । हेर्दै जाँदा उषाका वंशजको बारेमा केही पत्ता लाग्यो । कश्यप मुनिले दक्षप्रजापतिका १३ वटी छोरीलाई विवाहगरेका र १३ रानी मध्ये दिति जेठी श्रीमतीरहिछन् । यिनले दुई छोराको जन्म दिइन् । जेठाको नाम हिरण्य कशिपु र कान्छाको नाम हिरण्याक्ष थियो ।

हिरण्याक्षलाई विष्णु भगवानले बराह अवतारमा मार्नुभयो भने हिरण्य कशिपुलाई नृसिंहको अवतारलिएर मार्नुभयो । हिरण्य कशिपुका चारभई छोरामा प्रहलाद कान्छ थिए । प्रहलाद विष्णुका भक्त थिए । उनको विरोचन नामको छोरा जन्म्यो । विरोचन पनि महादानी थिए । इन्द्रले विप्ररूप धारण गरेर विरोचनसँग उनको टाउकै माग्दा पनि सहस्र स्वीकार गर्दै टाउको नै दान दिए । विरोचनको छोराको नाम बली थियो बली शिवभक्त थिए र दानी थिए । विणुले वामानरूप धारण गरेर बलीबाट पुरा पृथ्वी नै दान लिएका थिए । उनको छोराको नाम थियो वाणासुर । वाणसुर शिवका भक्त हुन् ।

शिव पूराणमाम लेखिएको छ कि वाणसुर नामी, उदार, र बुद्धिमान सत्यप्रतिज्ञ कर्ता सहस्र दानकर्ता पनि थिए । उनले त्रिलोकाधिपतिलाई बलबाट जितेर सबैको राजधानी सोडितपुर बनाएका थिए । भनिन्छ उनको राज्यमा देवता बाहेक कोही पनि दुखित थिएन । देवताले दु:ख पाउनु पर्ने कारण नै शत्रुता थियो । वाणसुरले शिवजीलाई भने निकै खुसी बनाएको थियो । ऊसँग हजार हात थिए । ऊसँग कोही लड्न अघि सर्न सक्दैनथे । एक दिन बाणासुरले हजार हातबाट ताली बजाउँदै ताण्डव नाच नाचेर शिवजीलाई निकै खुसी बनायो । देवताहरूमा वरदान दिनेमा शिवजीको नाम अग्रस्थानमा आउँछ । थोरै प्रार्थना तथा भक्ति गर्नेहरूलाई पनि ठुला ठुला वरदान दिने शिवजीले वाणसुरलाई वर माग भन्नुभयो । वाणसुरले पनि पुत्र र गण सहित मेरो र सोणितपुरको संरक्षणको लागि मसँगै बस्नुहोस भन्ने वर माग्यो । शिवजीले पनि तथास्तु भन्दै सोडितपुरमा आएर बस्न थाल्नुभयो ।

यो संसारमा जो कोही किन नहोस् ऊ धन-मत्त, बुद्धि-मत्त र बल-मत्त हुन्छ । वाणसुरमा सबै चिज थिए । बुद्धिले काम गर्न छाडो र ऊ बलकै कारणले गर्दा अति मत्त भयो । पुन उसले शिवजीलाई खुसी तुल्याउनको लागि ताण्डव नृत्य गर्यो । शिवजी खुसी हुनु भयो र शिवजीले उसका मनका धारणा सुन्ने इच्छा जाहेर गर्नुभयो । यतिवेलासम्म वाणसुरमा बलको अहमकारले ठुलो स्थान लिइसकेको थियो । उसले शिवजीसँग 'आफ्ना हजार हात प्रयोगमा आउन सकेनन् । हजुर सिवाय अरु कुनै पुरष पनि मसँग लड्ने योग्य मानिस भेटिएन । त्यसो हुँदा यात त यी हात छिम्लिउन् या यी हातले हजारौं प्रकारका शत्रुका हात गिराउन सकियोस् । मेरो यही इच्छा छ ।'

अहमताको फल कहिल्यै राम्रो हुँदैन । शिवजीमा यस्तो वरदानको माग भएकोमा रिस उठ्यो । शिवजीले पनि वाणसुरलाई भन्नुभयो - 'तँ महादानी बलीको पुत्र होस् । तँ अब सबै दानवभन्दा नीच मतिमा जाँदैछस् । शान्तिमय संसारको रचनाको अलवा तैले विध्वंशको बाटो अङ्गाल्दै छस् । तैले मसँग यस्तो वर माग्नु उचित होइन । तँ मेरो सबैभन्दा प्यारो भक्त हुँदा हुँदै पनि तेरा भुजा छिमलिन सकिने मानिस छ भन्न करै लाग्यो । त्यसो हुँदा तेरा भुजा छिमलिने समय आइसकेको छ । तेरो यस्तो योद्धासँग युद्ध हुने छ जस्ले एक एक गरेर तेरा भुजा छिमल्ने छ । यो युद्ध कहिले होला भन्लास तेरो शीरमा फहराएको मयुरध्वजा हावा नलागि कन खस्ने छ । यति वेला सोच्नुकी ठुलो युद्ध हुने छ र लड्नको लागि तयार हुनु ।'

शिवजीको यस्तो श्राप प्राप्त गरेको वाणसुरले निकै ठुलो वरदानको रूपमा लियो । अहम्ताले भरिएको वाणसुरमा यसको नतिजा के निस्कने छ भन्ने उसलाई थाहै भएन । ऊ निकै खुसी भयो र शिवजीमा भव्य प्रार्थना गर्छ र फर्कन्छ । वाणसुर युद्धको लागि तयार हुन्छ । 'मसँग को योद्धा कुन देशबाट अउँछ र म त्योसँग लड्न पाउँछु भन्ने सोचमा ऊ पर्खिरहन्छ ।

यात पौराणिक कालमै होस् या आजको समयमा नै होस् कुनै देशको राजा होस् या कुनै मानिस नै किन नहोस् झगडा गर्न र लडाइँ गर्नको लागि तत्कालीन कारण चाहिन्छ । त्यो युद्ध गर्न पर्ने कारणमा वाणासुरकै छोरी उषा नै कारक बन्दछिन् । वाणासुरकी उषा नाम गरेकी छोरीले वैशाखको महिनामा माधवको पूजा गरेर मांगालिक शृङ्गारबाट सुसज्जित भएर आफ्नो गोप्य अन्तपुरमा सुतिरहेका समयमा उनमा स्वप्न दोष हुन्छ । कुमारी छँदैमा उनले एक दिन सपनामा परम सुन्दर अनिरुद्धसँग आफ्नो समागम भएको देख्छिन् ।

यो रोमान्समा उनी निकै आकर्षक हुन्छिन् र कराउँदै प्राणप्यारा तिमी कहाँ छौ भन्दै व्युझिइन् । पूराणमा भनिएको छ यो उषा र अनिरुद्धको मिलन पनि पार्वतीकै कृपाबाट भएको हो । स्वप्नका राजकुमारलाई कसरी भेट्ने भन्दै उनी प्रेममा विह्वल हुन्छिन् । उनका सखीहरूले उनलाई सम्झाउँछन् तर उनी कुनै हालतमा पनि सम्झिदिनन् । कुमारीत्व नष्ट भएको धारणा सखीसँग राख्छिन् । सखीहरूले स्वप्नदोषको कारणले क्मारित्व नष्ट हुँदैनभन्दा पनि उनको मनले शान्ति पाउँदैन । यो सपनाका सुन्दर व्यक्तिको बारेमा उषाले चित्रलेखालाई कसरी भेट्ने भनी बोलाउँछिन् । न नामको थाहा न ठेगानाको नै थाहा कसरी पत्ता लगाउने भनी चित्रलेखाले उषालाई सम्झाउँछिन् तर उषाले स्वप्नको चित्तचोरलाई चित्रलेखाले भेट नगर इदिए मृत्युवरण गर्ने भनेपछि चित्रलेखाले विभिन्न व्यक्तिको चित्र बनाइन् र उषालाई देखाइन् । उषाले अनिरुद्धको चित्र देखेर सपनामा देखिएका युवक यिनै हुन् भनेपछि चित्रलेखाले यी श्रकृिष्णका नाति हुन् भन्ने जानकारी हुन्छ । चित्तचोरको चित्रबाट पहिचान भएपछि सोडितपुरदेखि द्वारकामा गएर ल्याउनु पनि त्यति सहज नभएको कुरा चित्रलेखाले उषालाई भन्दछिन् । उषाले तिमी योगिनी भोगिनी भएकोले सम्मोहन अस्त्रवाट अनिरूद्धलाई मसँग पुर्याइदिनै पर्छ भनेपछि चित्रलेखा द्वारकापुरीमा पुग्छिन् र सुतिरहेका अनिरुद्धलाई योगसिद्धिको बलमा उनलाई बोकेर शोणितपुरमा लिएर आउँछिन् । गन्धर्व विवाह गरेर दुवै आनन्दमा रम्न थाल्छन् ।

उषा निकै खुसी भएर अनिरुद्धसँग विहार गर्नु र उषाले देखाएको प्रेममा परी अनिरुद्धले आफूले आफूलाइनै विर्सेका हुन्छन् । दुईको यो समागमले गर्दा उनको शरीरले तथा चालचलनले यसलाई प्रष्ट पारिसकेको आभास हुन्छ । यो कुरा पालेले वाणासुरमा राजकुमारीलाई कसैले उपभोग गरिरहेको कुरा जाहेरी गर्छन । वाणासुर यो खबरले आश्चर्य चकितपर्छ ण्। छोरीको महलमा पुग्यो र अनिरुद्धले छोरीसँग पासा खेलिरहेको देख्यो । अनिरुद्धको बल दाँज्न दशहजार फौज पठायो । अनिरुद्धले पनि वाणासुरलाई सेना सहित आएको देखेर एउटा ठुलो परिघ लिएर उभिए । अनिरुद्धले वाणसुरका सेनालाई परास्त गर्दा वाणासुर रिसायो । ऊ आफै लड्न आयो र नागपासले बाँध्यो ।

उषा निकै रोइन् तर अरुिद्ध भने दृढ देखिन्थे । वाणसुर र रथ सहित अनिरुद्धले पल्टाई दिए पछि । वाणसुरले छल गरेर अनिरुद्धलाई नाग पासले वाँध्यो र मार्न तयार भयो । अनिरुद्धलाई मार्न तयार भए पछि मन्त्री कुम्भाण्डले यसलाई मार्न नहुने मार्दा आफ्नै आत्मामा आघात पुग्छ । युद्धमा देखाएको पराक्रमको हिसावले हेर्दा यो विष्णु समान शक्तिशाली छ । हेर्दा यस्तो लाग्छ कि तपाईंसँग रिसाएर शंखचुडले यसलाई उत्तम तेजबाट बढाएको छ । सहासमा हेर्दा यसले शशीमौलिकीको समानता देखाएको छ । यसरी नागपासमा बाँधिएर पिंञ्जरामा बस्दा पनि पुरुसार्थमा नै डटेर रहेको छ र हामीलाई तृण समान सम्झिरहेको छ । राजा र मन्त्री बीच यसरी वार्तालाप भए पछि कुम्भाण्डले अनिरुद्धलाई हार स्वीकार गर्न र क्षमा मागेपछि बन्धनबाट मुक्त भइन्छ भने । कुम्भाण्डका कुरा सुनेर अनिरुद्धले भन्दछन् कि तिमीहरूलाई क्षत्रीय धर्मको थाहा छैन । दीनता देखाएर युद्ध छाडी भाग्नुता मृत्युभन्दा पनि बढी कष्टदाइ हुन्छ । लडेर मर्नु नै उचित हुन्छ भन्दै वार्ता लाप हुँदा हुँदै आकाशबाणी हुन्छ ।

आकाशवाणीबाट वाणसुरलाई तँ बलीको छोरो होस् अलिकति विचार गरत तँ शिवजीको भक्त भएर यसरी रिसाउने होइन । तलाई थाहा छ शिव सबै प्राणीका ईश्वर हुन्/परमेश्वर हुन् । संसार सबै उनैको अधिन छ । भगवान शिवले रजोगुण, तमो गुण,सत्त्वगुणको आश्रय लिएर ब्रह्मा, विष्णु र रुद्र रूपबाट लोकको सृष्टि, पालन पोषण र संहार गर्नुहुन्छ । शिवजी सर्व अन्तरयामी, सर्वेश्वर सबैका प्रेरक, सर्वश्रेष्ठ, विकार रहित, अविनाशी, नित्य, मायाधीस भएर पनि निर्गुण हुनुहुन्छ । यस पटक तिम्रो गर्वलाई शंकरले चकनाचुर पारिदिनुहुन्छ । त्यसो हुँदा तिमीले मनमा विचार गरेर स्वस्थ हौ । यति भनेर आकाशवाणी बन्द हुन्छ । वाणासुरले मार्ने विचार त छाड्यो तर नागपासबाट भने मुक्त गरेन । अनिरुद्धले दुर्गालाई स्मरण गर्दै नागपासबाट मुक्ति दिलाउनको लागि आउनको लागि आराधना गर्दछन् । अनिरुद्धको प्रर्थनाबाट खुसी भएर काली जेष्ठ कृष्ण चतुर्दशीको महारात्रिमा प्रकट हुन्छिन् र ती नागपासलाई ध्वस्त पार्दै आफ्नो मुड्कीको आघातबाट अलग्याई अनिरुद्धलाई बन्धन मुक्त गराएर, पुन अन्तपुरमा पुर्याएर काली अन्तर ध्यान हुनुहुन्छन र उषा अनिरुद्ध पूर्ववत विहार गर्न थाल्दछन् ।

अनिरुद्ध नाग सासले बाँधिएको खबर नारदबाट द्वारकाम पुग्छ कृष्णजीले पनि १२ अछौहिडी सेनालिएर सोठितपुरमा आक्रमण गर्नुभयो । यहाँ बाणका विविध सैनलाई हराउँदै जाँदा शिवसँग युद्ध हुन थालो । कृष्णजी शिवजीको साथमा गएर वाणसँग युद्ध गर्न हजुरले नै बोलाएर आएको हुँ तर हजुरसँगै कसरी लड्नु हजुर यस युद्धबाट अलगिनु पर्यो भनी सभक्ति प्रार्थना गर्दा शिवजीले वाणका भुजा काटिएको मैले देख्न नसक्ने भएकोले जृम्भणास्त्रबाट मलाईजृम्भ पारेर आफ्नो लक्ष पुरा गर्नु होस भनेपछि कृष्णले शिवलाई युद्धमा जृम्भास्त्र छाड्नुभयो । शिवजी लठ्िए पछि वाणासुर कृष्णको बीचमा लडाइँ सुर भयो । कृष्णले बाणका भुजा र शिरहरू फाँड्दै जाँदा शिवजी मोह निद्राले छोडेर उठ्नुभयो । वाणको शीर छेदनबाट रोक्नुभयो र सुदर्शन चक्रलाई फिर्ता लानु होस् भन्दै युद्ध बन्द गरेर वर-वधुलाई लिएर द्वारका फिर्ता हुनुहोस् भनेपछि युद्ध थामिन्छ र कृष्णजी उषा र अनिरुद्धलाई लिएर द्वार कापुरी फर्कनुहुन्छ । वाणसुरको अहम्ताले गर्दा उसका सारा शक्तिको नाशको साथै राज सुखभोग नै समाप्त भयो । उषाको यौवन मातले गर्दा आफ्नो वंशजकै नाश भयो । वास्तवमा अहमता कसै गरी पनि राम्रो हुँदैन ।

# मकवानपुरगढी गाउँपालिकालाई एमालेको २० बुँदे सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरगढी गाउँपालिका कार्यालयलाई नेकपा एमाले गढी गाउँ कमिटीले २० बुँदे सुझाव दिएको छ ।

गाउँपालिका कार्यालयमा शुक्रबार गाउँपालिकाको निवर्तमान अध्यक्ष तथा पार्टी इन्चार्ज बिदुर हुमागाई, एमाले गाउँ कमिटी अध्यक्ष रामजी सापकोटालगायतका नेताहरुले पालिका अध्यक्ष दोर्जे लामास्याङ्तानलाई जनताको सरकार भएको अनुभूति दिलाउने गरी काम गर्न अनुरोधसहित विकास निर्माण र सेवाप्रवाहका सन्दर्भमा सुझाव दिएको हो । एमालेले २०७९ वैशाखमा भएको स्थानीय निर्वाचन पश्चात आएका जनप्रतिनिधिले जनतालाई स्थानीय सरकारको अनुभूति दिलाउने गरी कुनै काम गर्न नसकेकोतर्फ सचेत पनि गराएको छ । गाउँबासीको आवश्यकता र चाहना विपरित गाउँ सरकार योजनाविहीन ढंगबाट अगाडि बढेको एमालेको आरोप छ ।



स्थानीय तह जनतासँग प्रत्यक्ष सम्बन्ध रहने निकाय भएकाले जनताले हेर्दा यसका सबै गतिविधि देखिने, स्पर्श गर्दा छाम्न सकिने, सेवाप्रवाह र गरेका विकासको अनुभूति गर्न सकिने भएको भन्दै वर्तमान सरकार यसतर्फ गम्भीर नभएको एमालेको जिकिर छ । २०७४ मा सम्पन्न पहिलो स्थानीय तहको निर्वाचनपछि आएका जनप्रतिनिधले ल्याएको दुरगामी महत्वको योजनाहरु कटौती गरेकोप्रति आपत्ति जनाइएको छ । २०७९ पछि आएका जनप्रतिनिधिबाट मकवानपुरगढीका जनताले सबैखाले विकास र सेवा प्रवाहमा सहज अनुभूति गर्न नपाएको एमाले गाउँ कमिटी अध्यक्ष रामजी सापकोटाले दाबी गरेका छन् ।

वर्तमान जनप्रतिनिधिले स्थानीय तहको सरकारको जिम्मेवारी नै महसुश नगरी अलमलिएको गन्तव्यहिन यात्रीको शैलीमा प्रस्तुत भएको सापकोटाले आरोप लगाए । मकवानपुरगढीमा अघिल्लो कार्यकालमा अगाडि बढाइएको विकासका अभियानलाई निरन्तरता नदिनु, सबै दक्ष कर्मचारीलाई हटाई विषयगत ईकाईबाट हुने महत्वपूर्ण सेवा अवरुद्ध गर्नु, मनोमानिका आधार मा कर्मचारी नियुक्ति गर्नु, महत्वपूर्ण योजना कार्यान्वयन नगरी बजेट फ्रिज गर्नु, पालिकाबाट प्रवाह हुने सेवा रगतमा राजनैतिक प्रतिशोध र आस्थाका आधारमा निर्णय लिनु: एकलौटी उपभोक्ता समितिको गठन, राजस्वको छली र चुहावट हुनु जस्ता विषयका कारण एमालेको गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष स्याङ्तानलाई बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ ।

एमाले मकवानपुरगढी गाउँ कमिटीले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा विगतका अधुरा महत्वपूर्ण योजनालाई पूर्णता दिने गरी आवश्यकताका आधारमा योजना समावेश गर्न सुझाव दिएको छ । योजना तथा बजेट कार्यान्वयन गर्दा उपभोक्ता समिति गठनमा आफ्ना नजिकका व्यक्ति मात्र बोलाई गर्ने गरिएको भन्दै यस्ता कार्यको पूर्णत अन्त्य गर्नुपर्ने जनाइएको छ । योग्यता, दक्षता र आवश्यकताका आधारमा नियुक्ति भएका करार कर्मचारी हटाई विषयगत क्षेत्रको सेवाप्रवाहमा आएको गतिरोधलाई परीणाममुखी बनाई सेवा सुचारु गर्नुपर्ने एमालेको सुझाव छ । कर्मचारी नियुक्ति गर्दा योग्यता दक्षता भन्दा पनि राम्रोलाई पन्छाएर हाम्रोलाई अगाडि सारेकोमा एमालेले आपत्ति जनाएको छ ।

गाँउपालिका क्षेत्रबाट उत्खनन हुने नदीजन्यपदार्थ उत्खनन् तथा माटो निकासीलाई पारदर्शी, व्यवस्थित, राजस्व चुहावट नहुने विधि र प्रक्रिया अवलम्बन गर्न, विभिन्न कम्पनीका नाममा आफैं रसिद छपाई स्टक प्रमाणित नगरी गाउँपालिकाको करोडौं राजस्व चुहावट भएकोमा पार्टी अध्यक्ष सापकोटाले दाबी गरेका छन् । व्यवस्थित खानी उत्खनन नहुँदा माथिल्लो क्षेत्रको पर्यावरण, प्राकृतिक संम्पती र तल्लो तटीय क्षेत्रमा रहेका बस्ती र खेतीयोग्य भूमि पूर्णरुपमा असुरक्षित बन्दै गइरहेकोतर्फ अध्यक्ष स्याङ्तानलाई एमालेले ध्यानाकर्षण गराएको छ । जोखीम न्यूनीकरण गर्न माथिल्लो क्षेत्रको संरक्षण र विकास तथा तल्लो तटीय क्षेत्रका स्थायी तटबन्धको विगतमा गरिएको सुरुवातलाई सम्बन्धित उद्योग, र माथिल्ला सरकारसँग समन्वय गरी वार्षिकरुपमा नियमित अगाडि बढाउनुपर्ने सुझाव दिइएको छ ।

दुग्ध उत्पादक किसानको लागि प्रतिलिटर १ रुपैयाँ अनुदान दिने कार्यक्रम डुब्लीकेशन हुने नाममा कटौती गर्न खोजिएकोतर्फ एमालेले आपत्ति जनाएको छ । अनुदान बढाएर दिन पर्नेमा रोकिने कार्यप्रति घोर आपत्ति रहेको गाउँपालिकाका निवर्तमान अध्यक्ष हुमागाईले बताए । आगामी वर्ष दुधमा प्रतिलिटर २ रुपैयाँ अनुदान दिने व्यवस्था गर्न र पशुधन संरक्षण, अनुदान, फलफूल, तरकारी, अनाजमा प्रतिकेजी अनुदान वृद्धि गरी मासुजन्य उत्पादन अनुदान कार्यकम, प्रतिलिटर साझेदारी कृषक हितकोष कार्यक्रम कार्यन्वयन गर्न सुझाव दिइएको हुमागाईले जानकारी दिए । शिक्षा क्षेत्रमा सरुवा, अनुमति, नियुक्ति वा शिक्षा क्षेत्रमा भएका क्रियाकलाप राजनीतिक आस्थाका आधार गरिएको प्रष्ट देखिएको भन्दै शिक्षा क्षेत्रलाई राजनीतिकरण गर्न खोजिएको ज्ञापनमा उल्लेख छ ।

गाउँपालिकामा करिब निर्माण सम्पन्न भईसकेका तथा निर्माणको क्रममा रहेका १५ शैया अस्पताल, कोल्ड स्टोर, दाना उद्योग, पशु हस्पिटल, माटो परीक्षण प्रयोगशाला पूर्वाधारलाई पूर्णता दिई आवश्यक नीति बनाएर सञ्चालनमा ल्याउन एमालेले माग गरेको छ । ५ र ६ नम्बर वडा जोड्ने भालुखोलामा पुल, वडा नम्बर १ बुदुने खोला पुल, ताप्लाखर्कमा रहेको मगर समाज सामुदायिक भवनलगायतका अधुरा योजनालाई प्राथमिकतामा राखेर बजेट बिनियोजन गर्न माग गरिएको छ ।

# ५ नम्बर वडामा एक हजार बढीको स्वास्थ्य परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिका-५ मा जनता घरदैलो स्वास्थ्य परीक्षणमा एक हजार ४४ जनाले सेवा लिएका छन् । ५ नम्बर वडा कार्यालयको सहयोगमा पिप्ले सहरी स्वास्थ्य केन्द्रले वडाका विभिन्न ६ वटा केन्द्रमार्फत् जनता घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । असारको १ गते सुरु भएर ७ गते सम्पन्न कार्यक्रममा १ हजार ४४ जनाको स्वास्थ्य परीक्षण गरिएको हो ।

पिसाबमार्फत् गरिएको परीक्षणमा मृगौलाको कार्य अवस्था, पिसावको गुणस्तर र ग्लुकोजको मात्राको अवस्था परीक्षण गरिएको छ । स्वास्थ्य केन्द्रको यो अभियानमा प्रोटिन जाँचमा ७ जनामा सामान्य समस्या, ३ जनामा न्यून समस्या, १ जनामा मध्यम समस्या भेटिएको छ । पीएच परीक्षणमा १५ जनामा सामान्य समस्या तथा ग्लुकोज परीक्षणमा १८ जनामा सामान्य समस्या, १३ जनामा न्यून समस्या, २६ जनामा केही समस्या र ६ जनामा मध्यम समस्या पाइएको कार्यक्रमका प्रमुख दुर्गा दाहालले बताए ।

यसैगरी रक्तचापको समेत जाँच गरिएको यो अभियानमा सबै सेवाग्राहीलाई आवश्यक परामर्श दिइएको छ । यस कार्याक्रममा वडा कार्यालयले सधैं साथ र रहयोग गर्ने हेटौंडा-५ का वडाअध्यक्ष र सदस्यले बताएका छन् ।

कार्यक्रम संचालक स्वास्थ्य केन्द्रले यस अघि विद्यालयमा किशोरीलाई किशोरावस्थाको स्वास्थ्यबारे अभिमूखीकरण कार्यक्रम मार्फत् वडाका ८ विद्यालयका ४ सय छात्रालाई प्रशिक्षित गरेको थियो ।

# राक्सिराङमा वन समूहसँग समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ राक्सिराङ गाउँपालिकाको विभिन्न सामुदायिक वन उपभोक्ता समूहबीच चौमासिक समन्वय बैठक सम्पन्न भएको छ ।





सब डिभिजन वन कार्यालय राक्सिराङको आयोजनामा राक्सिराङ-३ पलाँसेमा बैठक सम्पन्न भएको हो । बैठकमा साबिकको सरिखेत गाविस स्तरीय वन समूहका पदाधिकारी तथा सदस्यको उपस्थिति रहेको थियो । वन समूहको अवस्था, अगामी योजना, भोगिरहेका समस्या र चुनौतीलगायत बिषयमा संयुक्तरुपमा छलफल गरिएको हो । बैठकमा सब डिभिजन वन कार्यालय राक्सिराङका सहायक वन अधिकृत दिनेश सत्याललले सामुदायिक वनको समग्र अवस्था र चुनौतीलगायत बिषयमा सहजीकरण गरेका थिए ।

उनले वन समूहका कार्यसमितिको जिम्मेवारी, दायित्व र चुनौतीबारे बताउँदै समितिको लेखाप्रणाली तथा अन्य गतिविधि चुस्तदुरुस्त राख्न आग्रह गरे । त्यस्तै उनले आर्थिक बर्ष समाप्तीसँगै वन समूहले गर्नुपर्ने विभिन्न कामको बारेमा जानकारी दिए । बैठकमा र ाक्सिराङ-३ का सिद्धार्थ हरियाली सामुदायिक वन, बनकाली सामुदायिक वन, भ्याङकाली सामुदायिक वन, राक्सिराङ-२ का सुरागे सामुदायिक वन र राक्सिराङ-१ को मेन्दोलिङ सामुदायिक वनका पदाधिकारी तथा सदस्यको सहभागिता रहेको थियो ।

सब डिभिजन वन कार्यालयका अधिकृत सुजन मोक्तानले सहजीकरण गरेको बैठकमा असार १४ गते राष्ट्रिय बृक्षरोपण दिवस पनि विविध कार्यक्रम गरी मनाउने निर्णय गरिएको छ ।

### डिजिटल नेपाल कन्क्लेभ २०२३ :

# दूरसञ्चार पूर्वाधार सहप्रयोगका लागि कानुनी झमेला

काठमाडौं/डिजिटल नेपालको सपनालाई पूरा गर्न दूरसञ्चार पूर्वाधारको सहप्रयोगमा सरोकारवालाहरूले जोड दिएका छन् । शुक्रबारदेखि सुरू भएको २ दिने 'ह्वावे डिजिटल नेपाल कन्क्लेभ २०२३' को पहिलो सेशनमा बोल्दै वक्ताहरू बताउँछन् ।

डिजिटल सक्षमताका लागि डिजिटल पूर्वाधार सहयोग विषयमा भएको प्यानल सेसनमा इन्टरनेट सेवा प्रदायक संघ (आईस्पान)का अध्यक्ष सुधिर पराजुलीले दूरसञ्चार पूर्वाधार सहप्रयोग आवश्यक भएपनि नेपालमा भने आफ्नो सामान अरूलाई किन प्रयोग गर्न दिन भन्ने मानसिकता अझै कायम रहेको बताए ।

'मेरो सामान अरूलाई किन प्रयोग गर्न दिने भन्ने मानसिकता छ,' उनले भने, 'त्यो प्रविधि मैले पनि चलाइरहेको छु । कुनै रकेट राइन्स होइन ।'

यस्तै डिशहोमका प्रबन्ध निर्देशक सुदिप आचार्यले पर्याप्त योजनाबिना काम गर्दा पूर्वाधारमा समस्या देखिएको बताए । यता, नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक विजय कुमार रायले दूर सञ्चार सेवा सस्तो हुनका लागि पूर्वाधार सहप्रयोग जरूरी रहेको र त्यसैअनुसार प्राधिकरणले सह-प्रयोगमा सहजीकरण गरिरहेको बताए ।

'दूरसञ्चार पूर्वाधार सहप्रयोग नगर प्राधिकरणले भनेको छैन । सहप्रयोग गर्नेपर्छ भनेर अनिवार्य गरिएको छैन। अनिवार्य गर्नकी भन्दा सेवा प्रदायक आफै शेयरिङ गर्छौं भनेपछि त्यस्तो व्यवस्था नगरिएको हो।'

'नेपालमा कनेक्टिभिटीको आधारभूत फाउन्डेसन तयार भइसकेको छ । अब सेवा प्रदायक र नियामकले डिजिटल इकोसिस्टममा काम गर्नुपर्छ,' उनले भने, 'दूरसञ्चार पूर्वाधार सहप्रयोगका लागि कानुनमा अझै अस्पष्तता रहेको छ।'

त्यसैगरी नेपाल टेलिकमकी प्रमुख व्यापार अधिकृत संगीता पहाडीले सकेसम्म आफ्ना पूर्वाधार सह-प्रयोग गरिरहेको बताइन् । आफूहरूले पनि अरूको फाइबर लिजमा लिएको बताइन् ।

'सन् १९९७ बाट ट्रान्समिसन लाइनमा अप्टिकल फाइबर राख्न थालेका थियौ, त्यसपछि अप्टिकल फाइबर हामीलाई बोनस आएको जस्तो भयो।त्यो बेला नेटवर्क सञ्चालन गर्न राखेको थियौं । विजनेस गर्न खोजेकै होइन' उनले भनिन्।

नेपाल विद्युत प्राधिकरणका निर्देशक तारा प्रधानले सुरूवाती समयमा बिजनेसको हिसाबले अप्टिकल फाइबर सुरू नगरेको बताए । विद्युत प्राधिकरणले तारहरू अन्डरग्राउण्ड गर्न सुरू गरेको छ । अन्डरग्राउन्ड गर्दा कतिपय कोरहरू खाली राखेर डक्ट गरिरहेको छ । उक्त डक्टमा अन्य सेवाप्रदायकको केबल राख्न दिन आफूहरू सकारात्मक रहेको उनले बताए ।

यस्तै सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मन्त्रालयका सहसचिव अनिल दत्तले डिजिटल परिचयपत्र सबैको जग भएको बताए । उनले भने, 'राष्ट्रिय परिचयपत्र महत्त्वपूर्ण रहेको छ । यसले भेरिफिकेसन प्रक्रियालाई सजिलो बनाउँछ । सेवा लिन सजिलो हुन्छ ।'

उनले नागरिकलाई सबै सुविधा एकै ठाउँमा उपलब्ध होस् भन्ने उद्देश्यले डिजिटल रुपान्तरण जरुरी रहेको बताए । उनले यी सब सेवा भविष्यमा सरलताको लागि सरकारले काम गरिरहेको बताउँछन् । 'राष्ट्रिय परिचयपत्रलाई ई-केवाईसीको रूपमा प्रयोग गर्न सकिन्छ,' उनले भने, 'भविष्यमा नागरिकतालाई पनि सजिलै रिप्लेसन गर्न सकिन्छ । सेवासँग एकीकृत गर्दा परिचयपत्रको प्रयोग बढी हुन्छ । यसकारण डिजिटल रूपान्तरण जरूरी छ।'

यता, बडी एण्ड डेटाका सहसंस्थापक शुभ कायस्थले सरकार आश र त्रासले गर्दा राष्ट्रिय परिचयपत्र बनाइरहेको आभास भइरहेको बताइन्। उनले भनिन्,' हामीले अध्ययन गर्दा आश र त्रासले गर्दा राष्ट्रिय परिचयपत्र बनाइरहेको भेटियो।यस्तो अवस्था कहिलेसम्म आउने हो विकासोन्मुख देशमा ?'

उनले डिजिटल रूपान्तरण गर्दै गर्दा सरकारले डेटा सुरक्षामा समेत लापरबाही गरिरहेको उनले आरोप लगाइन्। 'सरकारले यो गर्दैछु भन्छ । तर डेटा सुरक्षित छैन । लोकसेवाको चार लाख डेटा उड्यो । खै त्यो अजैसम्म रिकभर भएन । सरकारी वेबसाइटहरु पटक पटक ह्याक हुन्छन् । खै त डेटाको सुरक्षा ?' यता, योङ इन्नोभेसन प्रालिका सीईओ विभूषण विष्टले जनतालाई नेशनल आईडी प्रयोगबारे अझै बुझाउन नसकेको स्वीकार गरे ।

उनले भने, 'नेशनल आईडी प्रयोगबारे अरूलाई बुझाउन सकेका छैनौं। यसका फाइदा बुझाउनु अगाडि लैजानु पर्छ । डेटा कम्प्युटरमा हुँदा मात्रै त्यसपछि मात्रै सुरक्षाको कुरा आउँदैन । अफलाइनमा भएको डेटामा पनि सुरक्षाको कुरा आउँछ ।'

यस्तै आदेश खड्काले राष्ट्रिय परिचयपत्रमा नागरिकलाई सँगै लिएर आउन जरूरी रहेको बताए । उनले भने, 'राष्ट्रिय परिचयपत्र र पञ्जीकरणलाई सरकारले एकै तरिकाबाट अगाडि बढाउने प्रयास गरेको छ । सामाजिक सुरक्षा, खोप र स्कुलको विवरणलाई राष्ट्रिय परिचयपत्रसँग जोडेर अगाडि बढ्न सकिन्छ। तर जनतालाई सँगै लिएर आउन जरूरी छ ।'

यस्तै डिजिटल नेपाल कन्क्लेभको तेस्रो सेशनमा पालिका र प्रदेशमा डिजिटल शासन कस्तो हुनुपर्छ भन्नेबारेमा छलफल भएको छ । उक्त छलफलमा धुलिखेल नगरपालिकाका मेयर अशोक कुमार ब्यान्जुले स्थानीय, प्रदेश र संघ सरकारलाई अहिलेको संविधानको आखाले हेरे मात्र डिजिटल गभर्नेन्सलाई व्यवस्थित गर्न सकिने बताए।

'डिजिटल स्थानीय, प्रदेश र संघ सरकारलाई अहिलेको संविधानको आँखाले हेर्नुपर्छ । त्यसो भए मात्र डिजिटल गभर्नेन्सलाई व्यवस्थित गर्न सक्छौं,' उनले भने । पालिकासँग भएको विकासको डेटा प्रदेश र संघसँग नभएकोप्रति उनको गुनासो छ । उनले भने, 'पालिकासँग भएको विकासको डेटा प्रदेश र संघसँग छैन्, किनकी त्यस्तो व्यवस्था नै छैन । तर, धुलिखेल नगरपालिकाले नक्सापासदेखि डिजिटल हस्ताक्षर सुरू गरिसकेको उनको दाबी छ ।

'धुलिखेल नगरपालिकाले नक्सापासदेखि डिजिटल हस्ताक्षर सुरू गरिसके छौं। एपबाटै कर तिर्न सकिन्छ । अप्टिकल फाइबर बिच्छ्याएका छौं,' उनले भने, 'नगर पालिकाको एउटै डेटा सेन्टर बनाउने भनेर काम गरिरहेका छौं।' यस्तै टेलिमेडिसिनमा पनि काम अगाडि बढेको उनले बताए । सरकारले राष्ट्रिय स्तरको डेटा एकै ठाउँमा ल्याउनु पर्नेमा उनको जोड छ । उनले भने, 'राष्ट्रिय स्तरको डेटा पाउन चुनौती छ । त्यसकारण राष्ट्रिय डेटालाई एक ठाउँमा ल्याउन काम गर्नुपर्छ ।'

डिजिटल प्रविधि प्रयोग गरेर धुलिखेल नगरपालिकाले गरिबी कमगर्नेदेखि सेवा प्रवाहसम्म चुस्त बनाएको उनले प्यानलमा सुनाए । 'डिजिटल पालिकाका लागि आईटी जनशक्ति उत्पादनमा विशेष ध्यान दिनुपर्छ, ' उनले भने, 'डिजिटल स्थानीय सरकार बनाउन रणनीति योजना बनाउनु पर्छ भन्ने आयो भने स्थानीय सरकारले डिजिटल सरकार बुझ्छ ।'

यस्तै डिजिटल शासनमा स्थानीय सरकार अझै पनि अलमलमै रहेको स्मार्ट पालिकाका प्रमुख कार्यकारी अधिकृत मनोज भट्टराईले बताए । 'डिजिटल शासनमा स्थानीय सरकारको अवस्थाको कुरा गर्दा हामी उत्साहित पनि छौं, कन्फ्युज पनि छौं,' उनले भने । डिजिटल जानुपर्छ भनेर कोभिड पछि धेरैले बुझे पनि जिटल पालिका बनाउन रोडम्याप नै नभएको उनले बताए । 'डिजिटल पालिका बनाउन रोडम्याप बनाउनु पर्छ । हामीसँग रोडम्याप छैन,' उनले भने ।

त्यसैगरी डिजिटल प्रदेश र डिजिटल पालिकाबारे सुरूमा अवधारणा स्पष्ट पार्नु पर्नेमा कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण बहादुर जीसीको गुनासो छ । उनले भने, 'डिजिटल प्रदेश र डिजिटल पालिकाबारे सुरूमा अवधारणा स्पष्ट पार्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अन्तरंग दृश्य परिमार्जनपछि 'परस्त्री'लाई प्रदर्शन अनुमति

काठमाडौं/अन्तत: नेपाली फिल्म 'परस्त्री'लाई सेन्सर बोर्डले प्रदर्शन अनुमति दिएको छ । ६ वटा दृश्यमा परिमार्जन गरेपछि फिल्म सेन्सर पास भएको पटकथा लेखक दीपेन्द्र के खनालले जानकारी दिए ।

फिल्ममा प्रयुक्त हिंसा र चुम्बनका दृश्यमा आपत्ति जनाउँदै बोर्डले केही दिनअघि सच्याएर ल्याउन भनेको थियो ।

'दुवै पक्षको समझदारीमा ती ६ दृश्य परिमार्जन गरिएपछि बोर्डले प्रदर्शन अनुमति दिएको छ,' खनालले भने । उनका अनुसार फिल्मको लम्बाइ दुई घण्टा तय भएको छ । डीएस डिजिटलले निर्माण गरेको यो फिल्मलाई सुरज पाण्डेले निर्देशन गरेका हुन् ।

सेन्सर पास भएसँगै फिल्मले प्यारेन्टल गाइड (पीजी) प्रमाणपत्र प्राप्त गरेको छ । फिल्मको पोस्टरदेखि ट्रेलरसम्मै अन्तरंग दृश्य समावेश थिए । शीर्ष भूमिकामा रहेकी अभिनेत्री शिल्पा मास्केले सेन्सर बोर्ड नेपाली फिल्मप्रति पूर्वाग्रही भएको आरोप पनि लगाएकी थिइन् ।

यो फिल्म असार १५ गते रिलिजको तयारीमा छ ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



